# तातोपानी गाउँपालिका
# जुम्ला

## स्थानीय राजपत्र

**खण्ड : ७ सङ्ख्या : ३ मिति : माघ २९, २०८०**

## परिच्छेद - १

## तातोपानी गाउँपालिका ,जुम्ला

स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तातोपानी गाउँपालिका ,गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्वसाधारणको जानकारीका लागी यो राजपत्र प्रकाशन गरीएको छ।

**एम.बि.बि.एस अध्ययन छात्रवृती सम्बन्धि कार्यबिधि, २०८०**

(गाउँसभाबाट स्वीकृत मिति: २०८०।१०।२५

प्रमाणिकरण मिति:२०८०।१०।२९

तातोपानी गाउँपालिका

**एम.बि.बि.एस अध्ययन छात्रवृती सम्बन्धि कार्यविधि, २०८०**

**(गाउँसभाबाट पारित)**

(गाउँसभाबाट स्वीकृत मिति: २०८०।१०।२५

प्रमाणिकरण मिति:२०८०।१०।२९

प्रस्तावना: शिक्षा सम्बन्धि स्थानिय तहको एकल अधिकार सुची तथा सोको सर्वमान्यतामा प्रतिकुल असर नपर्ने गरी स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२)को खण्ड (ज)को उपखण्ड(१६)मा व्यवस्था भएको निशुल्क रुपमा प्रत्येक वर्ष गाउँपालिकाले एक जना एम.बि.बि.एस डाक्टर उत्पादन गरी गाउँवासीहरुलाई दिगो स्वास्थ्य सेवा उपल्वध गराउने उद्धेश्यले गाउँपालिका भित्रका जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन गर्ने तातोपानी गाउँपालिकाको काम,कर्तव्य र अधिकारलाई व्यवस्थित र पारदर्शी तवरले कार्यान्वयन गरी संस्थागत विकास गर्न वाञ्छनिय देखिएकोले,स्थानिय सरकार ऐन,२०७४को दफा १०२ को उपदफा (१)ले दिएको अधिकार प्रयोग गरी तातोपानी गाउँपालिकाले एम.बि.बि.एस अध्ययन छात्रवृती सम्बन्धि कार्यविधि, २०८० बनाएको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षित नाम र प्रारम्भ** :

१.यस कार्यविधिको नाम : एम.बि.बि.एस अध्ययन छात्रवृती सम्बन्धि कार्यविधि,२०८० रहेको छ ।

२.यो कार्यविधि गाउँसभाबाट पारित भै तातोपानी गाउँपालिकाको स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ

**२.परिभाषा र व्याख्या :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"गाउँपालिका अध्यक्ष"** भन्नाले तातोपानी गाउँपालिका,जुम्लाको अध्यक्षलाई सम्फनु पर्छ ।

ख) **"आयोग भन्नाले"** राष्ट्रिय चिकित्सा शिक्षा कार्यविधि २०७५ बमोजिम गठन भएको चिकित्सा शिक्षा आयोगलाई सम्फनु पर्छ ।

ग) **"उपाध्यक्ष भन्नाले"** तातोपानी गाउँपालिका,जुम्लाको उपाध्यक्षलाई सम्फनु पर्छ ।

घ) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले तातोपानी गाउँपालिका जुम्लाका प्रमुख प्रशासकिय अधिकृत लाई सम्फनु पर्छ ।

ङ) **"शिक्षा अधिकृत"** भन्नाले तातोपानी गाउँपालिका जुम्लाका शिक्षा,युवा,तथा खेलकुद शाखाका प्रमुखलाई सम्फनु पर्छ र सो शब्दले प्रमुख प्रशासकिय अधिकृतले तोकेको शिक्षा,युवा तथा खेलकुद शाखा हेर्ने कर्मचारी समेतलाई सम्फनु पर्छ ।

च) **"गाउँपालिका"** भन्नाले तातोपानी गाउँपालिका जुम्लालाई सम्फनु पर्छ ।

"छ) **"कार्यपालिका"** भन्नाले तातोपानी गाउँपालिका,जुम्लाको गाउँ कार्यपालिकालाई सम्फनु पर्छ ।

ज)**"सभा"** भन्नाले तातोपानी गाउँपालिका,जुम्लाको गाउँसभालाई सम्फनु पर्छ ।

झ) **"वडा"** भन्नाले तातोपानी गाउँपालिका जुम्ला अर्न्तगतका वडाहरुलाई सम्फनु पर्छ ।

ञ) **"संविधान"** भन्नाले नेपाल सरकारको संविधानलाई सम्फनु पर्छ ।

ट) **"समिति"** भन्नाले यस कार्यविधिको दफा १७ मा व्यवस्था भएको एम.बि.बि.एस अध्ययन छात्रवृती व्यवस्थापन समितिलाई सम्फनु पर्छ ।



**परिच्छेद-२**

**एम.बि.बि.एस.अध्ययन छात्रवृती सम्बन्धि व्यवस्था**

**३.एम.बि.बि.एस.अध्ययन छात्रवृती उपलब्ध गराईने :**

(१) आयोगबाट सञ्चालन हुने एकिकृत प्रवेश परिक्षा (एम.बि.बि.एस) उर्तिण नतिजाको एकिकृत योग्यताक्रमको सुचीमा समावेश गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने एक जना जेहेन्दार विद्यार्थीलाई एम.बि.बि.एस अध्ययन छात्रवृती उपलब्ध गराइने छ ।

२) गाउँपालिका क्षेत्र भित्रका दुई वा सो भन्दा बढि विद्यार्थीहरुले उपदफा (१) बमोजिम सञ्चालन हुने एकिकृत प्रवेश परिक्षा ( एम.बि.बि.एस) उर्तिण गरेमा नतिजाको एकिकृत योग्यताक्रमको सुचिमा रहेको एकजना विद्यार्थीलाई एम.बि.बि.एस अध्ययन छात्रवृती उपलब्ध गराइने छ ।

३) उपदफा (१)तथा उपदफा(२) बमोजिमको अवस्थामा गाउँपालिका क्षेत्रभित्र नरहेमा छात्रवृतीको कोटा उक्त वर्ष खारेज हुनेछ ।

४( एम.बि.बि.एस अध्ययन छात्रवृती व्यवस्थापन समितिबाट छनोट भएको तथा कार्यपालिकाबाट अनुमोदित विद्यार्थीको एक वर्षको अध्ययन शुल्कको पचास प्रतिशत शुल्क गाउँसभाबाट विनियोजित भएको छात्रवृती रकम सोही विद्यार्थीलाई उपलब्ध गराईनेछ ।

**४.एकिकृत प्रवेश परिक्षा (एम.बि.बि.एस) उर्तिण विद्यार्थीले एम.बि.बि.एस छात्रवृती पाउन आवेदन गर्नुपर्ने**

दफा ५ मा व्यवस्था भए बमोजिमको छात्रवृतीमा आवेदन गर्न योग्य विद्यार्थी एकिकृत प्रवेश परिक्षामा (एम.बि.बि.एस) को नतिजा सार्वजनिक भएको मितिले ७ दिनभित्र आयोगबाट प्रकाशित एकिकृत योग्यताक्रमको सुची र देहायका कागजात सहित समितीमा आवेदन गर्नु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

ग) स्थायी बसोबास खुल्ने कागजातको प्रमाणित प्रतिलिपि

घ) समितीको तोकेका अन्य आवश्यक विषयहरु

**५.छात्रवृती उपलब्ध गराइने विद्यार्थीको नाम प्रस्ताव गरी आवश्यक सुचना प्रकाशित गर्नुपर्ने**

(१) समितिमा दफा ३ बमोजिम परेका आवेदन उपर जाँचबुझ गरी छात्रवृतीका लागी योग्य देखिएका एकजना विद्यार्थीको नाम प्रस्ताव गरी छात्रवृती उपलब्ध गराउन लागीएको आशय सहितको सात दिने सार्वजनिक सुचना प्रकाशित गर्नुपर्ने ।

२) उपदफा (१) बमोजिमको सुचनाको समयावधिमा समिति सक्षम कुहिकतैबाट दाबी बिरोध पर्न आएमा समितिले त्यस्तो दाबी बिरोध उपर समेत गहन छलफल गरी यस कार्यविधिको दफा १४ बमोजिमको छात्रवृतीका लागी योग्य देखीएका एकजना विद्यार्थीको नाम अन्तिम सिफारिस गरी छनोटको निर्णयका लागी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

३) उपदफा (२) बमोजिम सिफारिस भई आएको एक जना विद्यार्थी लाई कार्यपालिकाको निर्णयले एम.बि.बि.एस अध्ययन कबुलियतनामा गर्नु पर्नेछ ।

**६.कबुलियतनामा गर्नुपर्ने :**

यस कार्यविधि बमोजिम एम बि.वि.एस अध्ययन छात्रवृतीमा भएको विद्यार्थीले अध्ययन सम्पन भए पश्चात कम्तीमा एक वर्ष सम्म तातोपानी गाउँपालिकामै रहि सेवा गर्ने गरी अध्ययनमा जानु अघि नै अनुसुचि-१ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष कबुलियतनामा गर्नु पर्नेछ ।

**७.छात्रवृती बापत रकम बैक खाता मार्फत भुक्तानी गरीने :**

(१) यस कार्यविधि बमोजिम (एम.बि.वि.एस)अध्ययन छात्रवृतीमा छनोट हुने विद्यार्थीका लागी सम्बधित शिक्षण संस्थामा लाग्ने भनि आयोगबाट निर्धारण गरीएको भर्ना शुल्क,रजिस्टेशन शुल्क,मासिक शुल्क,लगायतका शुल्क तथा दस्तुरहरु सम्बन्धित शिक्षण संस्थाको खातामा जम्मा हुने गरी बैक खाता मार्फत भुक्तानी गरीने छ ।

द्रष्टव्य : यस परिच्छेदमा उल्लेखित गाउँपालिका क्षेत्र भित्रको स्थायि बसोवास भन्नाले आयोगबाट प्रत्येक वर्ष संञ्चालन हुने एकिकृत प्रवेश परिक्षा (एम.वि.वि.एस)को दिनभन्दा कम्तिमा ३ वर्ष अघि देखी निरन्तर तातोपानी गाउँपालिका,जुम्ला भित्र स्थायी रुपले बसोबास भएको सम्झनु पर्छ ।

## परिच्छेद -३
## एम.वि.बि.एस.अध्ययन छात्रवृती व्यवस्थापन समिति

**८.एम बि.बि.एस. अध्ययन छात्रवृती व्यवस्थापन समिति गठन :**

(१) यस कार्यविधि बमोजिम उपलब्ध गराइने एम.बि.वि.एस.अध्ययन छात्रवृती सम्बन्धि कार्य प्रकृयालाई व्यवस्थित बनाउन तथा यस विषयमा आवश्यक एंव व्यवस्थापन समेत गर्न गाउँपालिकामा देहाय वमोजिम एम.वि.वि.एस.अध्ययन छात्रवृती व्यवस्थापन समिति रहने छ ।

(क) गाउँपालिका अध्यक्ष संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष सदस्य
ग) प्रमुख प्रशासकिय अधिकृत सदस्य
ध)सामाजिक विकास समितिका संयोजक सदस्य
ङ) गाउँपालिका क्षेत्रभित्रका विद्यालय(मा.वि.स्तर)का प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिका अध्यक्षले मनोनयन गरेको एकजना सदस्य
च) गाउँपालिका क्षेत्रभित्रका शिक्षाविदहरु मध्येबाट कम्तिमा एकजना महिला सहित कार्यपालिकाबाट मनोनित ३ जना सदस्य
छ) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख सदस्य सचिव

(२) उपदफा (१)को खण्ड(ङ)र खण्ड(च) वमोजिम मनोनित सदस्यको पदावधि ४ (चार)वर्षको हुनेछ ।
३)समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।
४) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समितिले निधारण गरे बमोजिम हुनेछ ।

**९.छात्रवृती व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार**

यस कार्यविधिको अन्यत्र दफामा लेखिएका काम,कर्तव्य र अधिकार अतिरिक्त छात्रवृती व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) गाउँपालिका क्षेत्रभित्रको निःशुल्क शिक्षा,विद्यार्थी प्रोत्साहन र छात्रवृती सम्बन्धि व्यवस्थापन दीर्घकालिन र प्रभावकारी बनाउनका लागी अवलम्बन गर्नुपर्ने विषयमा कार्यपालिकालाई परामर्श उपलब्ध गराउने



ख) गाउँपालिका क्षेत्रभित्रको सर्वाङगीण विकास गर्न भविष्यमा आवश्यक पर्ने दक्ष प्राविधिक जनशक्तीको आंकलन गरी स्थानिय स्तरमै त्यस्ता जनशक्ती उत्पादनका लागी नीती तयार गरी कार्यपालिकामा पेश गर्ने ।

ग) यस कार्यविधि वमोजिम उपलब्ध गराइएको एम बि.वि.एस छात्रवृती कार्यक्रमको प्रभावकारीताको लेखाजोखा गरी सोको प्रतिवेदन वार्षिक रुपमा कार्यपालिकामा पेस गर्ने ।

घ) एम.बि.वि.एस अध्ययन छात्रवृती उपलब्ध गराउने सम्बन्धमा विभिन्न निकायहरु बिच आवश्यक समन्वय गर्ने

ङ) यस कार्यविधिको उद्देश्य अनुरुप आवश्यक देखिएका अन्य काम गर्न गराउन कार्यपालिकामा परामर्श उपलब्ध गराउने

च) निःशुल्क शिक्षा,विद्यार्थी प्रोत्साहन र छात्रवृती सम्बन्धि कार्यपालिकाले तोकेको अन्य तोकेको अन्य कार्यहरु गर्ने

## परिच्छेद-४
## एम.बि.बि.एस.अध्ययन छात्रवृती कोष सम्बन्धि व्यवस्था

**१०. छात्रवृती कोष**

१) यस कार्यविधिले व्यवस्था गरे.वमोजिमको एम.वि.वि.एस अध्ययन छात्रवृती उपलब्ध गराउन एंव कार्यविधिले लक्षित गरेको क्षेत्रमा मात्र खर्च गर्ने गाउँपालिकामा एउटा छुट्टै एम.वि.वि.एस.अध्ययन छात्रवृती कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन ।

(क) एम.बि.वि.एस.अध्ययन छात्रवृती कार्यक्रम संञ्चालनका लागी सभा तथा कार्यपालिकाको निर्णय बमोजिम विनियोजित रकम,

(ख) खण्ड(क)बमोजिमको कार्यको लागी दातृ निकाय विकास साझेदारी गैरसरकारी संघ संस्थाहरु तथा व्यक्तिबाट स्वच्छिक रुपमा उपलब्ध गराइने रकम

(ग) संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(३)उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकम समितीको सिफारिसमा यस कार्यविधिले परिलक्षित गरेको क्षेत्रमा मात्र खर्च गर्न सकिनेछ ।

**११.कोषको दिगो व्यवस्थापन**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६६ मा व्यवस्था भएको गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले विषय क्षेत्रगत बजेट सिलिङ निर्धारण गर्दाका वखत यस कार्यविधि बमोजिम उपलब्ध गराईने एम.वि.वि.एस.अध्ययन छात्रवृती सम्बन्धि कार्यक्रम संचालनका लागी स्थापित छात्रवृती कोषमा एक आर्थिक वर्षभरीमा हुनसक्ने अनुमानित व्ययको विवरण समितिबाट लिई सोहि बमोजिम कोषका लागी बजेट सिलिङ कायम गरी कोषलाई दिगोपना कायम गर्नु पर्नेछ ।

**१२.कोषको खाता सञ्चालनः**

कोषको खाता सञ्चालन प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा वा निजले तोकेको आर्थिक प्रशासन तर्फको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१३.कोषको लेखापरिक्षण :**
कोषको आय र व्ययको आन्तरीक एव अन्तिम लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।



परिच्छेद-५

विविध

**१४. दोहोरो पर्ने गरी छात्रवृती उपलब्ध नगराइने:**
यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृतीको बिधामा नेपाल सरकार तथा प्रदेश सरकारबाट कुनै निकायबाट छात्रवृती प्राप्त गरेको बिद्यार्थीलाई दोहोरो पर्ने गरी छात्रवृती उपलब्ध गराइने छैन ।

**१५. वार्षिक प्रतिबेदन सार्वजनिक गर्नुपर्ने:**
समितिले यस कार्यविधिले परिलक्षित गरेको सम्पूर्ण काम कारवाहीका विषयहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नेछ र सो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**१६. अधिकार प्रत्यायोजन गर्न सक्ने:**
१)आर्थिक व्ययभार सिर्जना हुने देखी बाहेक कार्यपालिकाले आफुलाई यस कार्यविधि बमोजिम प्राप्त काम,कर्तव्य र अधिकार मध्ये केहि काम कर्तव्य र अधिकार समितिलाई प्रत्योजन गर्न सक्नेछन ।
२) समितिले यस कार्यविधि बमोजिम आफुलाई प्राप्त काम,कर्तव्य र अधिकार मध्ये केही अधिकार अध्यक्ष वा उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाइ अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. वाधा अड्काउ फुकाउन सक्ने:**
यस कार्यविधिमा उल्लेखित कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा/अड्चन आई परेमा समितिको सिफारिसमा कार्यपालिकाले यस्तो द्विविधा वा बाधा/अड्चन फुकाउन सक्नेछ ।

**१८. प्रचलित कानुन बमोजिम हुने:**
यस कार्यविधिमा लेखिए जति कुरामा यसै कार्यविधि बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१९) नियम,निर्देशिका,मापदण्डर कार्यविधि बनाउन सक्ने:**
यस कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्ने कार्यपालिकाले आवश्यक नियम वा निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ ।

## अनुसुची–१
(दफा ६ संग सम्बन्धित्

**तातोपानी गाउँपालिकाको एम.बि.बि.एस अध्ययन छात्रवृती सम्बन्धि कार्यविधि २०८०को दफा ६ मा व्यवस्था भएको एम.बि.बि.एस अध्ययन छात्रवृतीका लागी छनौट भएका तातोपानी गाउँपालिका वडा...........स्थायी निवासी श्री ................................ले तातोपानी गाउँपालिकासंग गरेको कबुलियतनामा ।**

जुम्ला जिल्ला तातोपानी गाउँपालिका,वडा नं........स्थायी निवासी श्री............................नाती/नातीनी,श्री ......................को छोरा/छोरी ........................वर्ष..........को म ......................श्री ले तातोपानी गाउँपालिकाको एम.बि.बि.एस अध्ययन छात्रवृती सम्बन्धि कार्यविधि २०८० बमोजिम व्यवस्था भएको एम.बि.बि.एस अध्ययन छात्रवृतीका लागी छनौट भई श्री ......................(शिक्षण संस्थाको नाम र ठेगाना) मा मिति २०.........।..........।........देखी संचालन हुने एम.बि.बि.एस.अध्ययन सम्बन्धि कार्यविधि २०८० को दफा ६ अनुसार तातोपानी गाउँपालिका जुम्लासंग देहाय बमोजिम यो कबुलियतनामा गरेको छु ।

क) अध्ययन कार्यक्रममा सहभागी हुनका लागी निर्धारित मिति भित्र श्री............................(शिक्षण संस्थाको नाम र ठेगाना) मा हाजिर हुन जानेछु । अध्ययन अवधिभर शिक्षण संस्थाको नीती नियमको पुर्णरुपमा पालना गर्नेछ ।

ख) उल्लेखित छात्रवृती कार्यक्रम संञ्चालनका लागी तातोपानी गाउँपालिकाको छात्रवृती सम्बन्धि कार्यविधि २०८० को पुर्ण रुपमा पालना गर्नेछु ।

ग) अध्ययन कार्यक्रम सम्पन्न भए पश्चाप कम्तिमा १ वर्ष तातोपानी गाउँपालिका रही अनिवार्य सेवा गर्नेछु ।

घ) काबु भन्दा बाहिरको परिस्थिति बाहेक मेरो निजि कारणले अध्ययन पुरा नगरी बिचैमा छाड्ने छैन । मैले यस अघि कुनै पनि सरकारी स्तरको निकायबाट यहि बिषयमा छात्रवृती/दोहोरो सुविधा समेत लिएको छैन । अध्ययन पुरा गरे पश्चाप गाउँपालिकाले खटाएको स्थानमा काम गर्ने छु । अध्ययनको अवधिमा बिषय परिवर्तत गर्ने छैन ।

ङ)माथि उल्लेखित व्यवस्था एवम कार्यविधिमा भएको व्यवस्था विपरित कुनै कार्य गरेको प्रमाणित भएमा तातोपानी गाउँपालिकाले छात्रवृतीको रुपमा म माथी गरेको सम्पुर्ण लगानी रकम तथा सो मा तातोपानी गाउँपालिकले निर्धारण गरे बमोजिमको ब्याज रकम समेत मेरो जायजेथाबाट सरकारी बाकी सरह असुल उपर गर्नका लागी मञ्जुर छु ।

च) अध्ययन पश्चाप तातोपानी गाउँपालिकामा अस्पतालको नियमाअनुसारको सम्पुर्ण तलब स्केलको आधा तलब स्केलमा सेवा दिनेछु ।

मिति:

**कबुलियतनामा गराउने अधिकारीको**
दस्ताखत:
नाम,थर:
पद:
मिति:

**कबुलियतनामा गर्ने विद्यार्थीको**
दस्ताखत:
नाम,थर:
पद:
ल्याप्चे



| दाँया | बाँया |
|---|---|
| | |

**रोहबरमा बस्ने:**
सम्बन्धित वडाका जनप्रतिनिधि नाम,थर:
हस्ताक्षर:
विद्यार्थीको नाम अभिभावकको नाम,थर,ठेगाना:
हस्ताक्षर:
शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुखको नाम,थर
हस्ताक्षर
२०८०।.....।......

आज्ञाले
तीर्थ बहादुर कठायत
प्रमुख प्रशासकीय अधिकृत